**National News Bulletin** **March 22, 2024**

**यो आकाशवाणी हो। समाचार हरिकुमार राईबाट सुन्नुहोस्।**

**सुरुमा प्रमुख समाचार:**

1. प्रधानमन्त्री श्री मोदी भुटानको सर्वोच्च नागरिक सम्मानद्वारा सम्मानित
2. भारत र मार्टनियाबीच पहिलो विदेश कार्यालय परामर्श सम्पन्न
3. इसरोद्वारा पुनः प्रयोज्य प्रक्षेपण वाहन **पुष्पक-**को सफल अवतरण
4. निर्वाचन आयोग लोकसभा निर्वाचनको तयारीमा जोडतोडले जुटेर पर्यवेक्षकहरूको टोली परिचालन गर्दै
5. दिल्लीका मुख्यमन्त्री श्री अरविन्द केजरीवाल प्रवर्तन निर्देशालयद्वारा गिरफ्तार
6. इन्डियन प्रिमियर लिग क्रिकेट आजदेखि सुरु हुँदै

**अब समाचार विस्तारमा**

**PM-Bhutan honored**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीलाई भुटानको सर्वोच्च नागरिक सम्मान **अर्डर अफ द ड्रुक ग्याल्पो-**ले सम्मानित गरिएको छ। भुटानका राजा श्री जिग्मे खेसर नामग्याल वाङ्चुकले आज थिम्पुमा श्री मोदीलाई यो सम्मान प्रदान गर्नुभएको हो। यस अवसरमा श्री मोदीले यो आफ्नो जीवनको ठूलो दिन हो भन्नुभयो र यो सम्मान आफ्नो व्यक्तिगत उपलब्धि नभई भारत र १ सय ४० करोड भारतीयहरूको सम्मान भएको बताउनुभयो। श्री मोदीले आज दिउँसो भुटानका राजासँग कुराकानी पनि गर्नुभयो। दुई नेताले भारत-भुटान मैत्री सम्बन्धप्रति आफ्नो प्रतिबद्धता दोहोऱ्याउनुभयो र द्विपक्षीय सम्बन्धको समीक्षा गर्दै, यसलाई नयाँ उचाइमा लैजाने उपायबारे छलफल गर्नुभयो। श्री मोदीले भुटानी प्रधानमन्त्री श्री छिरिङ तोब्गेसँग पनि कुराकानी गर्नुभयो। दुई नेताले द्विपक्षीय सम्बन्धको समीक्षा गर्दै, बहुआयामिक साझेदारीलाई थप सुदृढ गर्ने प्रतिबद्धता दोहोऱ्याउनुभयो।

श्री मोदीले भोलि थिम्पुमा ग्याल्त्सुएन जेत्सुन पेमा मातृ शिशु अस्पतालको उद्घाटन गर्नुहुनेछ। यो अत्याधुनिक अस्पताल भारतीय सहयोगमा निर्माण गरिएको हो। यसै क्रममा, आज भारत र भुटानबीच आपसी साझेदारीलाई थप मजबुत बनाउन पारस्परिक हितका धेरै सम्झौतामा हस्ताक्षर भएको छ।

## India-Martania

भारत र मार्टनियाबीच पहिलो विदेश कार्यालय परामर्श नौवाकोटमा आयोजित भएको छ। सो क्रममा, दुवै देशका प्रतिनिधिहरूले आपसी हितका बृहत् द्विपक्षीय, क्षेत्रीय र वैश्विक मुद्दाहरूबारे रचनात्मक छलफल गरेका छन्। छलफलको क्रममा राजनीतिक सहयोग, आर्थिक साझेदारी, विकास सहायता, सांस्कृतिक आदानप्रदान र बहुपक्षीय मञ्चसम्बन्धी सहयोगलगायत विभिन्न पक्षमा पनि छलफल भएको विदेश मन्त्रालयले जनाएको छ। भारत र मार्टनियाबीच लामो समयदेखि मैत्रीपूर्ण र सहयोगी सम्बन्ध छ। दुई देशबीचको द्विपक्षीय व्यापार विगत तीन वर्षमा बढ्दो स्थितिमा छ।

## Anurag-Pushpak Vehicle

भारतीय अन्तरिक्ष अनुसन्धान संगठन, ISRO ले आफ्नो 'पुन: प्रयोज्य प्रक्षेपण वाहन' **पुष्पक-**लाई आज बिहान कर्नाटकको चित्रदुर्गा परीक्षण रेन्जमा सफलतापूर्वक अवतरण गरेको छ। ISRO अध्यक्षले सामाजिक सञ्जाल पोस्टमा, टोलीलाई हार्दिक बधाई दिनुभयो। अन्तरिक्ष यान RLV-LEX-02 को सफल अवतरणको साथ ISRO ले नेभिगेसन, नियन्त्रण प्रणाली, ल्यान्डिङ गियर र गति कम गर्ने प्रणालीको क्षेत्रमा फेरि एक पटक स्वदेशी प्रविधिहरू स्थापित गरेको छ। सूचना तथा प्रसारण मन्त्री श्री अनुराग सिंह ठाकुरले **पुष्पक-**को सफल अवतरण गरेकोमा इसरोका वैज्ञानिकहरूलाई बधाई दिनुभयो। श्री ठाकुरले एक सामाजिक सञ्जाल पोस्टमा, भारत अन्तरिक्ष क्षेत्रमा नयाँ आयाम हासिल गर्न प्रतिबद्ध रहेको बताउनुभयो। उहाँले हाम्रा वैज्ञानिकहरूको समर्पण र नयाँ सोच प्रशंसनीय छ भन्नुभयो र यसले देशलाई अन्तरिक्षको क्षेत्रमा नयाँ उचाइमा पुऱ्याउने ठोकुवा गर्नुभयो।

## Election Commission

हाल, निर्वाचन आयोग लोकसभा निर्वाचनको तयारीमा जुटेको छ। निर्वाचन स्वतन्त्र र निष्पक्ष बनाउन आयोगले दुई हजार एक सय पर्यवेक्षकको टोली परिचालन गरेको छ। यी पर्यवेक्षकहरूले देशभरि जिल्ला निर्वाचन अधिकारी र निर्वाचन अधिकारीहरूको अनुगमन गर्नेछन्।

## Kejriwaal Arrested

प्रवर्तन निर्देशालयले दिल्लीका मुख्यमन्त्री श्री अरविन्द केजरीवाललाई कथित मदिरा घोटाला प्रकरणमा पक्राउ गरेको छ। एजेन्सीले उहाँलाई गए राति उहाँको निवासबाट पक्राउ गरी कार्यालयमा लगेको थियो। दिल्ली उच्च अदालतले श्री केजरीवाललाई यस मामिलामा सुरक्षा दिन अस्वीकार गरेपछि उहाँलाई पक्राउ गरिएको हो। प्रवर्तन निर्देशालयले दिल्लीको मदिरा नीति घोटालामा धन शोधन मामिलामा श्री केजरीवालको नाम लिएको थियो। प्रवर्तन निर्देशालयले उहाँलाई एजेन्सी समक्ष उपस्थित हुन नौवटा समन जारी गरेको थियो। श्री केजरीवालले सबै समनलाई अवैध र राजनीतिक रूपले प्रेरित भन्दै बेवास्ता गर्नुभएको थियो। यसबीच, श्री केजरीवाल आज राउज एभिन्यू अदालतमा हाजिर हुनुभयो। प्रवर्तन निर्देशालयले दिल्ली आबकरी मामिलामा उहाँको १० दिनको हिरासत मागेको छ।
साथै, उहाँले कथित मदिरा नीति घोटाला प्रकरणमा आफ्नो गिरफ्तारीविरुद्ध सर्वोच्च अदालतमा दायर गरेको याचिका फिर्ता लिनुभएको छ। स्रोतका अनुसार अब उहाँ तल्लो अदालत जानुहुनेछ।

## World Water Day

आज विश्व जल दिवस हो। स्वच्छ पानीको महत्त्वलाई ध्यानमा राख्दै, हरेक वर्ष मार्च २२ मा यो दिवस मनाइन्छ। यो दिवसले मानिस, संघ-संस्था र सरकारहरूलाई तत्काल पानी सम्बन्धी चुनौतीहरू समाधान गर्न एक मञ्चमा ल्याउँदछ। यस वर्षको जल दिवसको विषय **'समृद्धि र शान्तिका लागि पानी'** रहेको छ । यसले विश्वभर सहयोग र दिगोपनलाई बढावा दिन पानीको महत्त्वपूर्ण भूमिकालाई जोड दिन्छ। यस वर्षको विश्व जल दिवसले सबैका लागि पानीमा समान पहुँच सुनिश्चित गर्न अनि पानीलाई शान्ति स्थापनाको माध्यमको रूपमा प्रवर्धन गर्न अन्तर्राष्ट्रिय स्तरमा सहयोगको आह्वान गरेको छ। संयुक्त राष्ट्र संघको महासभाले सन् १९९३ मा २२ मार्चलाई विश्व जल दिवसको रूपमा घोषणा गरेको थियो।

## UN-AI Proposal

संयुक्त राष्ट्र संघको महासभाले आर्टिफिसियल इन्टेलिजेन्स-सम्बन्धी पहिलो प्रस्तावलाई अनुमोदन गरेको छ। यो सङ्कल्पले शक्तिशाली नयाँ प्रविधिहरू सुनिश्चित गर्न अन्तर्राष्ट्रिय प्रयासका लागि विश्वव्यापी समर्थन प्रदान गर्दछ। यो नयाँ प्रविधि सबै राष्ट्रका लागि लाभदायी छ र यसले मानव अधिकारको सम्मान गर्दछ। यो सुरक्षित र भरपर्दो पनि छ। यो प्रस्ताव अमेरिकाद्वारा प्रायोजित र 123 देशद्वारा सह-प्रायोजित हो। यो प्रस्ताव, विना मतदान सर्वसम्मतिले पारित भएको हो। यसरी यो प्रस्तावलाई संयुक्त राष्ट्र संघका सबै १९३ देशको समर्थन छ।

## Congress List

कांग्रेसले आगामी लोकसभा चुनावका लागि आज ५७ उम्मेदवारको अर्को सूची सार्वजनिक गरेको छ। अरुणाचल प्रदेशका पूर्व मुख्यमन्त्री नबाम टुकी अरुणाचल पश्चिम सीटबाट लोकसभा चुनाव लड्नेछन् भने पुडुचेरीका पूर्व मुख्यमन्त्री वैथिलिङगम पुडुचेरी लोकसभा सीटबाट चुनाव लड्नेछन्। हालको लोकसभामा कांग्रेस पार्टीका नेता अधीर रञ्जन चौधरी पश्चिम बंगालको बहरामपुरबाट चुनाव लड्दै छन्।

## IPL-Opening

इन्डियन प्रिमियर लिग क्रिकेट प्रतियोगिता आजदेखि चेन्नईमा सुरु हुँदै छ। यो उद्घाटन खेल पछिल्लो पटकको च्याम्पियन चेन्नई सुपर किङ्ग्स र रोयल च्यालेन्जर्स बेङलोरबीच हुनेछ। खेल साँझ ८ बजे चेन्नईस्थित एम.ए. चिदम्बरम स्टेडियममा हुनेछ। यसपटक चेन्नई सुपर किङ्ग्सको कप्तानी अनुभवी खेलाडी महेन्द्र सिंह धोनीको स्थानमा ऋतुराज गायकवाडले गर्नेछन्।

## India-Paris Olympic 2024

भारतीय अलम्पिक संघले आगामी पेरिस अलम्पिकका लागि भारतीय ध्वज वाहकका रूपमा अनुभवी टेनिस खेलाडी अचन्त शरथ कमलको नाम घोषणा गरेको छ। अलम्पिक खेलको ध्वज वाहक एक प्रतीकात्मक प्रतिनिधि हो, जो भव्य

उद्घाटन समारोह परेडमा देशको प्रतिनिधिमण्डलको मार्चमा पहिलो व्यक्ति हुन्छ। संघले हिजो पेरिसमा अलम्पिक काँस्य पदक विजेता मेरी कोमलाई भारतीय खेलाडीहरूका लागि शेफ डे मिशनको रूपमा नियुक्त गरेको घोषणा गरेको थियो। शेफ डे मिशन अन्तर्राष्ट्रिय प्रतियोगितामा खेल प्रतिनिधिमण्डलको प्रमुख हो। त्यसै गरी, पूर्व शीतकालीन अलम्पिक खेलाडी शिव केशवन उप-शेफ डे मिसन हुनेछन्। गगन नारङ भारतीय सुटिङ टोलीका प्रभारी हुनेछन् । प्रमुख चिकित्सा अधिकारीमा डाक्टर दिनशव पर्दिवाला नियुक्त भएका छन्। भारतले पेरिस अलम्पिक २०२४ का लागि सुटिङमा १९ वटा कोटा सुरक्षित गरिसकेको छ।

**अन्त्यमा प्रमुख समाचार पुन: एकपटक**

1. प्रधानमन्त्री श्री मोदी भुटानको सर्वोच्च नागरिक सम्मानद्वारा सम्मानित
2. भारत र मार्टिनियाबीच पहिलो विदेश कार्यालय परामर्श सम्पन्न
3. इसरोद्वारा पुनः प्रयोज्य प्रक्षेपण वाहन **पुष्पक-**को सफल अवतरण
4. निर्वाचन आयोग लोकसभा निर्वाचनको तयारीमा जोडतोडले जुटेर पर्यवेक्षकहरूको टोली परिचालन गर्दै
5. दिल्लीका मुख्यमन्त्री श्री अरविन्द केजरीवाल प्रवर्तन निर्देशालयद्वारा गिरफ्तार
6. इन्डियन प्रिमियर लिग क्रिकेट आजदेखि सुरु हुँदै

**आकाशवाणीबाट समाचार पूरा भयो।**